आज मिति २०८२ असार ०८ गते आइतबारका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरूको उपस्थितीमा नगर कार्यपालिका आर्थिक वर्ष २०८१/८२ को पन्ध्रौं बैठक बसी देहाय बमोजिमका निर्णयहरू गरीयो ।

## उपस्थिती

| सि.नं | नामथर | पद/दर्जा | कार्यालय/ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख | मंगलसेन न.पा | ९८५८०९००५३ | |
| २ | श्री सांगना कुमारी रावल | नगर उपप्रमुख | मंगलसेन न.पा | ९८५८०९९९०७ | |
| ३ | श्री लोकराज नाथ | वडा अध्यक्ष | मंगलसेन न.पा. १ | ९८५८८८२१०१ | |
| ४ | श्री देवेन्द्र ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. २ | ९८५८८८२१०२ | |
| ५ | श्री विर्ख बहादुर बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. ३ | ९८५८०९९४१० | |
| ६ | श्री नाम सिंह धामी | वडा अध्यक्ष | मंगलसेन न.पा. ४ | ९८५८३१४३८२ | |
| ७ | श्री भक्कर प्रसाद भाट | वडा अध्यक्ष | मंगलसेन न.पा. ५ | ९८५८०९७५२१ | |
| ८ | श्री देवेन्द्र प्रसाद भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ६ | ९८५८८८२१०६ | |
| ९ | श्री राज बहादुर शाही | वडा अध्यक्ष | मंगलसेन न.पा. ७ | ९८५८८८२१०७ | |
| १० | श्री ज्ञानेन्द्र ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ८ | ९८६१४३१८८० | |
| ११ | श्री पदम ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ९ | ९८५८८८२१०९ | |
| १२ | श्री जनक ब. कुंवर | वडा अध्यक्ष | मंगलसेन न.पा. १० | ९८५८८८२११० | |
| १३ | श्री नर बहादुर भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ११ | ९८६८०८८०८८ | |
| १४ | श्री खगेन्द्र ब. रावल | वडा अध्यक्ष | मंगलसेन न.पा. १२ | ९८५८८८२११२ | |
| १५ | श्री हिक्मत ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. १३ | ९८६८८२१५२१ | |
| १६ | श्री शिव बहादुर सोडारी | वडा अध्यक्ष | मंगलसेन न.पा. १४ | ९८५८८८२११४ | |
| १७ | श्री रेखा रावल | का.पा.स. | म.न.पा. ९ | ९८६४३१६५६४ | |
| १८ | श्री कौशिला ठकुल्ला | सदस्य | म.न.पा. ५ | ९८४८०८३५६९ | |
| १९ | श्री हंश थापा | सदस्य | म.न.पा. १ | ९८४४१६६२१५ | |
| २० | श्री भाना विष्ट | सदस्य | म.न.पा. ३ | ९८४६६९५७०४ | |
| २१ | श्री मनसरा ध्याइत | सदस्य | म.न.पा. ७ | ९७४६५३२८५२ | |
| २२ | श्री प्रेम भुल | सदस्य | म.न.पा. ४ | ९८४८५५००१५ | |
| २३ | श्री मुगा परियार | सदस्य | म.न.पा. १२ | ९८४७५४३३२८ | |
| २४ | श्री गोविन्द वि.क. | सदस्य | म.न.पा. ११ | ९७४२३७८८७५ | |
| २५ | श्री गेहेन्द्र बहादुर डांगी | प्र.प्र.अ./सचिव | म.न.पा. | ९८५८४२९१११ | |

२६। हर्क तिरुवा (कृ.पा.प्र. वडाध्यक्ष ११ १४

निर्णय नं. १

मिति २०८२ जेष्ठ ९ गते नगरसभाको १५ औं नगर अधिवेशनको पहिलो बैठकमा पेश गरिने नेपालको संविधानको धारा २२८ को संवैधानीक अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ बमोजिमको क्षेत्राधिकार भित्र रहि दफा ६५ बमोजिम गठित राजश्व परामर्श समितिको सुझाव समेतको आधारमा प्रस्तावित नगरपालिकाको अर्थ विधेयक, २०८२ स्वीकृत गरियो ।

निर्णय नं. २

मिति २०८२ जेष्ठ ९ गते नगरसभाको १५ औं नगर अधिवेशनको पहिलो बैठकमा पेश गरिने नेपालको संविधानको धारा २३० को संवैधानीक अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१(८) बमोजिम प्रस्तावित नगरपालिकाको विनीयोजन विधेयक, २०८२ स्वीकृत गरियो ।

निर्णय नं. ३

मिति २०८२ जेष्ठ ९ गते नगरसभाको १५ औं नगर अधिवेशनको दोस्रो बैठकमा पेश गरिने नेपालको संविधानको धारा २३० को संवैधानीक अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६३ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले दफा ६३ को उपदफा २ (ग) अनुसार प्रस्तावित नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को वार्षिक बजेट तथा कार्यक्रम (राजस्व र व्यय अनुमान) स्वीकृत गरियो ।

निर्णय नं. ५

मङ्गलसेन नगरपालिका नगर शिक्षा ऐन, २०७९ लाई संसोधन गर्न वान्छनिय भएकोले तपसिल बमोजिमको संसोधन विवरण सहितको मस्यौदा निर्माण गरी स्वीकृतिको लागि आगामी नगरसभामा पेश गर्ने ।

<u>मङ्गलसेन नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ लाई संसोधन गर्न बनेको विधेयक, २०८२</u>

प्रस्तावनाः मङ्गलसेन नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ लाई संसोधन गर्न वान्छनिय भएकोले, मङ्गलसेन नगरसभाको १५ औं बैठकले यो विधेयक संसोधन गरिएको छ ।

| भएको | हुनुपर्ने | कारण |
|---|---|---|
| हालको व्यवस्था नभएको (थप्नुपर्ने)<br>दफा ६ को उपदफा १ नगर शिक्षा समितिमा प्रमुख प्रशासकीय अधिकृत नभएको हुनाले । | नगर शिक्षा समिति सम्वन्धी गठन प्रकृयामा- प्रमुख प्रशासकीय अधिकृत- सदस्य (थप्नुपर्ने) | प्रमुख प्रशासकीय अधिकृत लाई समितिमा सदस्य राख्न उपयुक्त हुने। |

निर्णय नं. ६

मङ्गलसेन नगरपालिका कार्य सञ्चालन कार्यविधि, २०८० लाई संसोधन गर्न वान्छनिय भएकोले तपशिल बमोजिमको संसोधन विवरण सहितको मस्यौदा निर्माण गरी स्वीकृतिको लागि आगामी नगरसभामा पेश गर्ने ।

<table>
<tr><th>क्र.सं.</th><th>ऐनको दफा</th><th>मौजुदा व्यवस्था</th><th>संसोधनको लागि प्रस्तावित व्यवस्था</th><th>पुष्ट्याई</th></tr>
<tr><td>१</td><td>दफा ३ को उपदफा (१) घ</td><td>समिति वा कार्यदलका कूल सदस्य बाहेक सो संख्याको बढीमा पचीस प्रतिशतले हुन आउने संख्यामा विज्ञ, आमन्त्रित सदस्य वा कर्मचारी मात्र यस निर्देशिका बमोजिम बैठक भत्ता उपलब्ध गराईनेछ ।</td><td>समिति वा कार्यदलका कूल सदस्य बाहेक सो संख्याको बढीमा पचासप्रतिशतले हुन आउने संख्यामा विज्ञ, आमन्त्रित सदस्य वा कर्मचारी मात्र यस निर्देशिका बमोजिम बैठक भत्ता उपलब्ध गराईनेछ ।</td><td>विधेयक समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरु तथा अन्य समितिहरुका बैठकमा नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु तथा कर्मचारीहरुलाई समेत आमन्त्रण गर्न आवश्यक देखिएको उक्त संख्या पचिस प्रतिशत भन्दा बढी हुने भएकोले बढीमा पचास प्रतिशत सम्म राख्न उपयुक्त देखिएकोले ।</td></tr>
<tr><td>२</td><td>दफा ११ को उपदफा ४</td><td>वडा अध्यक्षहरुलाई सकेसम्म दुई पाङ्ग्रे सवारी साधन उपलब्ध गराईनेछ । सवारी साधन उपलब्ध गराउन नसकिएमा यातायात खर्च वापत मासिक रु.८५००।– (अक्षरुपी आठ हजार पाँच सय मात्र) उपलब्ध गराउन सकिनेछ ।</td><td>वडा अध्यक्षहरुलाई सकेसम्म दुई पाङ्ग्रे सवारी साधन उपलब्ध गराउन सकिनेछ ।</td><td>सुदुरपश्चिम प्रदेशको ऐनसँग बाझिएकोले मासिक खर्च वापतको सुविधा हटाउन उपयुक्त देखिएकोले ।</td></tr>
<tr><td>३</td><td>दफा १४ को क (२)</td><td>प्रमुख प्रशासकीय अधिकृत मासिक दुई हजार रुपैया, शाखा प्रमुखलाई पाँच सय रुपैया र वडा सचिवहरुलाई रु.तीन सय रुपैंयाँमा नबढाई सञ्चार सुविधा वापतको रकम व मोबाईल रिचार्ज सुविधा उपलब्ध गराईनेछ ।</td><td>प्रमुख प्रशासकीय अधिकृत मासिक दुई हजार रुपैया, शाखा प्रमुखलाई पाँच सय रुपैया र वडा सचिवहरुलाई रु.पाँच सय रुपैंयाँमा नबढाई सञ्चार सुविधा वापतको रकम वा मोबाईल रिचार्ज सुविधा उपलब्ध गराईनेछ ।</td><td>वडा सचिवहरुको जनसम्पर्क बढी हुने भएको (नगरपालिका+ शाखा+अन्तर वडा कार्यालय+ संघीय+प्रदेश कार्यालय)</td></tr>
<tr><td>३</td><td>अनुसूची-१</td><td><table><tr><th>क्र सं.</th><th>तह/पद</th><th>डिजेल/ पेट्रोल</th></tr><tr><td>१</td><td>नगर प्रमुख (चारपाङ्ग्रे)</td><td>आवश्यकतानुसार</td></tr><tr><td>२</td><td>नगर उपप्रमुख (उपलब्ध भएसम्म</td><td>६० लि. डिजेल सुविधा वापतको रु.१००००।– नलिएमा</td></tr></table></td><td><table><tr><th>क्र सं.</th><th>तह/पद</th><th>डिजेल/ पेट्रोल</th></tr><tr><td>१</td><td>नगर प्रमुख (चारपाङ्ग्रे)</td><td>आवश्यकतानुसार</td></tr><tr><td>२</td><td>नगर उपप्रमुख (उपलब्ध भएसम्म</td><td>६० लि. डिजेल सुविधा वापतको रु.१००००।– नलिएमा</td></tr></table></td><td>सुदुरपश्चिम प्रदेश ऐन सँग बाझिएकोले ऐन बमोजिम सुविधा दिन उपयुक्त देखिएको ।</td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चारपाँग्रे। | | | चारपाँग्रे। | | |
| | | ३ | अध्यक्ष वडा नं ३,४,५,६ र ८ | १५ लि. | ३ | वडा अध्यक्ष सबै | मासिक २५ लि. पेट्रोल | |
| | | ४ | अध्यक्ष वडा नं.२,७, ९, १०,११ | १८ लि | | | | |
| | | ५ | अध्यक्ष वडा नं.१,१२,१४ | २० लि. | | | | |
| | | ६ | अध्यक्ष वडा नं १३ | २५ लि. | | | | |

निर्णय नं. ६

मङ्गलसेन नगरपालिका क्षेत्र भित्रका निजि जग्गाहरुलाई आवास, कपि गैर कपि, व्यावसायिक वा गैर व्यावसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा कम उत्खनन हुने ढुङ्गा, गिट्टी, वालुवा, माटो संकलन तथा ढुवानी गर्ने कार्यलाई नियमन तथा व्यवस्थित गर्न बनेको मङ्गलसेन नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो उत्खनन कार्यविधि-२०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ७

मंगलसेन नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी, दिगो र वातावरणमैत्री वनाउने उद्देश्यले बनेको मङ्गलसेन नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि-२०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ८

संस्कृतिक पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नगरपालिकाको साझेदारीमा भट्टे मालिका धुम्रलोचनी पर्यटकीय क्षेत्र पूर्वाधार निर्माण आ.व. २०७७/७८ मा ठेक्का प्रक्रिया सुरु भई २०८०/३/५ मा सम्पन्न भइसकेको, पालिका तर्फवाट वेहोर्नु पर्ने सवै रकम भुक्तानि भइसकेको र मन्त्रालयवाट निकासा बाँकि रकम माग गर्ने ।

निर्णय नं. ९

तपशिलका व्याक्ति तथा सँस्थाहरुलाई विभिन्न वडाहरु तथा नगरकार्यपालिकावाट देहाय बमोजिमको आर्थिक सहायता एंव उपचार खर्च दिने ।

| क्र.स. | व्याक्तिको नामथर | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दिनेश बोहरा (मृगौला रोग पिडित) | म.न.पा.-८ | ८८००० | वडा नं. १ रु ५००० वडा नं. २ रु ५००० वडा नं. ३ रु ५००० |

| | | | | |
|---|---|---|---|---|
| | | | | वडा नं. ४ रु ५००० <br> वडा नं. ५ रु १०,००० <br> वडा नं. ६ रु ३००० <br> वडा नं. ७ रु ५००० <br> वडा नं. ८ रु १५,००० <br> वडा नं. ९ रु १०,००० <br> वडा नं. १० रु ५००० <br> वडा नं. ११ रु ५००० <br> वडा नं. १२ रु ५००० <br> वडा नं. १३ रु ५००० <br> वडा नं.१४ रु ५००० |
| २ | पालेबन सामुदायिक वन संरक्षण एंव कार्यालय व्यवस्थापन | म.न.पा.-५. | १००,००० | सामुदायिक वन प्रवर्दन शिर्षकबाट |